**सिद्धार्थ बैंक लिमिटेडको**
**उन्नाइसौं वार्षिक साधारण सभाको**
**कामकारवाहीको विवरण (माइन्यूट)**

**१. सभाको काम कारवाही:**

मिति २०७७ साल माघ १६ गते तद्नुसार २९ जनवरी २०२१ का दिन सिद्धार्थ बैंक लिमिटेडको उन्नाइसौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाको अध्यक्षतामा अनलाईन (भर्चुअल) माध्यम मार्फत समेतको सहभागितामा सम्पन्न भयो । बैंकको उन्नाइसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

**२. सभाको मिति, समय र स्थान:**

मिति : २०७७ साल माघ १६ गते शुक्रबार (तद्अनुसार २९ जनवरी २०२१)
स्थान : आम्रपाली बैंङक्वेट, बालुवाटार, काठमाडौं ।
समय : बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म ।

**३. सभाको सूचना र सूचना प्रकाशन मिति:**

बैंकको मिति २०७७ साल पौष १४ गते (तदनुसार २९ डिसेम्बर २०२०) का दिन बसेको सञ्चालक समितिको ३५९औं बैठकको निर्णयानुसार बोलाईएको यस उन्नाइसौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम उन्नाइसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७७ पौष २० गतेको कारोबार राष्ट्रिय दैनिकमा तथा २०७७ माघ ०६ गतेको अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो । यसैगरी कोभिड-१९ महामारीको जोखिमको कारण उन्नाइसौं वार्षिक साधारण सभा अनलाईन (भर्चुअल) माध्यम मार्फत मात्र संचालन गरिने सम्बन्धी सूचना मिति २०७७ माघ ११ गतेको कान्तिपुर दैनिक तथा संचालक निर्वाचन सम्बन्धी सूचना मिति २०७७ माघ ०४ गतेको कारोबार दैनिकमा प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

**४. सभामा उपस्थिति:**

**४.१. संचालकहरुको उपस्थिति:**

| | |
|---|---|
| (१) श्री मनोज कुमार केडिया | अध्यक्ष |
| (२) श्री नरेन्द्र कुमार अग्रवाल | संचालक |
| (३) श्री विरेन्द्र कुमार शाह | संचालक |
| (४) श्री दिनेश शंकर पालिखे | संचालक |

(५) श्री राजेश कुमार केडिया — संचालक
(६) श्री हसना शर्मा — स्वतन्त्र संचालक

### ४.२. पर्यवेक्षकहरुको उपस्थिति :

(१) श्री ध्रुव तिमिल्सिना — प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.
(२) श्री सन्दिप कार्की — प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.
(३) श्री रिकेश श्रेष्ठ — प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि.
(४) श्री गोविन्द कुमार श्रेष्ठ — सहायक निर्वाचन अधिकृत

### ४.३. पदाधिकारीहरुको उपस्थिति

(१) श्री शम्भु नाथ गौतम — प्रमुख कार्यकारी अधिकृत
(२) श्री सुन्दर प्रसाद कडेल — नायब प्रमुख कार्यकारी अधिकृत
(३) श्री रामेश्वर प्रसाद बस्याल — सहायक प्रमुख कार्यकारी अधिकृत
(४) श्री शेर बहादुर बुढाथोकी — वरिष्ठ नायब महाप्रबन्धक
(५) श्री अर्जुन भद्र खनाल — प्रमुख- साना तथा मझौला एवं उपभोक्ता कर्जा
(६) श्री सृजन कृष्ण मल्ल — प्रमुख- सूचना प्रविधि
(७) श्री सुरेशराज महर्जन — प्रमुख- बिजनेश सपोर्ट/पेमेण्ट सोलुसन्स्
(८) श्री प्रशन्न खड्का — प्रमुख- कर्पोरेट क्रेडिट
(९) श्री शैलजा ज्ञवाली — प्रमुख- एकीकृत जोखिम व्यवस्थापन
(७) श्री पंकज पन्त — प्रमुख- मानव संसाधन/विप्रेषण
(८) श्री ईरा प्रधान — प्रमुख- कर्जा जोखिम
(९) श्री प्रदिप पन्त — प्रमुख- भ्याली रिसोर्सेस
(१०) श्री ज्ञानेन्द्र कार्की — प्रमुख- सामान्य प्रशासन
(११) श्री लक्ष्मण घिमिरे — कम्पनी सचिव
(१०) श्री निराकर बहादुर सिंह — प्रमुख- आन्तरिक लेखापरीक्षण
(११) श्री प्रमेश श्रेष्ठ — प्रमुख- वित्त तथा लेखा

### ५. सभाको गणपूरक संख्या:

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी संख्या | | | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | स्वयं (भौतिक रुपमा) | प्रतिनिधि मार्फत | भर्चुअल माध्यम मार्फत | | |
| ९,७८,७७,६७१.३८ | ५,३९,१८,५५३ | ९५ | ११५ | ४५ | २५५ | ५५.०९ |


SiddharthaBank

## ६. सभाको विषयसूची तथा प्रस्तावहरु:

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पी. राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८/- (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को ३ प्रतिशतका दरले रु. २९,३६,३३,०१४/- ( अक्षरेपी उनन्तीस करोड छत्तीस लाख तेत्तीस हजार चौध रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

६. बैंकको नियमावलीको नियम ८ बमोजिम आगामी ४ वर्षे कार्यकालको लागि बैंकको संस्थापक शेयरधनी समुहको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना तथा सर्वसाधारण समुहको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना गरी जम्मा ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

### (ख) विशेष प्रस्ताव

१. बैंकको प्रबन्धपत्रको दफा ५(१) को खण्ड (क) संशोधन गरी बैंकको अधिकृत पूँजी रु. १०,५०,००,००,०००/- (अक्षरेपी दश अर्ब पचास करोड मात्र) बाट रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) पुऱ्याउने प्रस्ताव पारीत गर्ने ।

२. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८/- (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को १२ प्रतिशतका दरले हुने रु. १,१७,४५,३२,०५७/- (अक्षरेपी एक अर्ब सत्र करोड पैतालिस लाख बत्तीस हजार सन्ताउन्न रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमशः ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित



SiddharthaBank

शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।

३. माथि विशेष प्रस्ताव नं. २ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

४. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. बैंकले आ.व. २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

६. बैंकले बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल (Confederation of Banks and Financial Institutions Nepal) को सदस्यता प्राप्त गर्न सदस्यता शुल्क रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैंया मात्र) तथा सदस्यता नवीकरण शुल्क वापत रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैया मात्र) भुक्तानी गरेकोमा सो को अनुमोदन गर्ने ।

७. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

## ७. सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध पत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्ध पत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको उन्नाइसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको कुल संख्या २५५ (प्रोक्सी तथा भर्चुअल समेत) एवं कुल शेयरको ५५.०९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र

प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्ष समक्ष प्रस्तुत गर्नु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी ऐन २०६३ र बैंकको प्रबन्ध पत्र तथा नियमावली बमोजिम बैंकको संचालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाले यस उन्नाइसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षले सभाको कारवाही अघि बढाउनु भयो ।

## ९. अध्यक्षबाट वार्षिक प्रतिवेदन प्रस्तुति:

साधारण सभाको निर्धारित विषयसूची नं १ मा समावेश गरिएको बैंकको संचालक समितिको प्रतिवेदनको महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त सन्देश सहित अध्यक्ष श्री मनोज कुमार केडियाले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षले विषयसूची नं. १ मा समावेश गरिएको संचालक समितिको प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरु सभामा छलफलका लागि पेश गर्नु भयो ।

## १०.छलफलको लागि आह्वान:

संचालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षले शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी अनुसूचीहरुमा छलफल गरी आफ्ना विचार, सुझाव एवं मन्तव्य राख्न अनुरोध गर्दै कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित १३ जना शेयरधनी महानुभावहरुले भौतिक एवं अनलाईन (भर्चुअल) माध्यम मार्फत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

१. श्री अमृतनाथ रेग्मी
२. मेजर कुबेर श्रेष्ठ
३. श्री शत्रुधन श्रेष्ठ
४. श्री गुणराज भट्ट
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री शिव प्रसाद पौडेल
७. श्री डमरु बल्लभ घिमिरे
८. श्री उद्धव प्रसाद घिमिरे

९. श्री रोज कुमार श्रेष्ठ
१०. श्री महेन्द्र बहादुर श्रेष्ठ
११. श्री भक्ति प्रसाद उप्रेती
१२. श्री अर्जुन कुमार ढुङ्गेल
१३. श्री नारायण सुन्दर श्रेष्ठ

कोरोना महामारीको प्रतिकुल परिस्थितिमा पनि उच्च व्यवस्थापकीय एवं व्यावसायिक क्षमताको कारणबाट बैंकको कार्य सम्पादन सुचारु रहेको विषय प्रशंसनीय रहेको र बैंकले १५% लाभांश घोषणा गरेकोमा खुशी व्यक्त गर्दै उपरोक्त वक्ताहरुले बैंकको साधारण सभाको सफलताको साथै आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको लागि शुभेच्छा सहित निम्न अनुसार राय, सल्लाह, सुझाव दिनुभएको छ ।

**१। श्री अमृतनाथ रेग्मी**

- चालु आ.व.को ६ महिनाको अवधिमा करिब रु. दुई अर्ब शेयरहोल्डर कोषमा थप गर्न सकेकोमा बैंकलाई धन्यवाद,
- बैंकले यस वर्ष रु. ३ अर्बको ऋणपत्र जारी गर्नु स्वागतयोग्य रहेको तर सहभागितामुलक ऋणपत्र जारी गर्न सकेमा बैंकको लागत घटाउन मद्दत पुग्ने हुँदा ने.रा.बैं. ले यस्ता उपकरण ल्याउन प्रोत्साहन गर्नुपर्ने,
- बैंकले डेरिभेटिभ वित्तीय उपकरण तथा धितोपत्रमा गरेको लगानी राम्रो भएको र यसलाई निरन्तरता दिदै जानुपर्ने,
- कर्जा लगानी बढेको अनुपातमा कुल ब्याज आम्दानी नबढेको,
- साधारण जगेडा कोष र बैकको प्रतिफल बढाउनु पर्ने,
- वासलात बाहिरका कारोबारको लागत घटाउँदै जानुपर्ने,
- निष्कृय कर्जा बढेकोले सम्पतिको गुणस्तरमा ध्यान दिनु पर्ने, कर्जा नोक्सानी व्यवस्था घटाउनु पर्ने,
- कर्मचारी खर्च घटाउनु पर्ने,
- प्रति शेयर आम्दानी बढाउनु पर्ने,
- आ.व. २०७७-७८ को दोस्रो त्रयमासको वितरणयोग्य नाफा नकारात्मक भएकोमा सूक्ष्म रुपमा विश्लेषण गर्नुपर्ने,
- मर्जर तथा एक्वीजिसनको लागि रणनीति बनाई उपयुक्त साझेदार खोज्नुपर्ने ।

**२। मेजर कुबेर श्रेष्ठ**

- कोरोना भाईरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचारको लागि सातै प्रदेशमा बैंकले आर्थिक सहयोग उपलब्ध गराई प्रशंसनीय काम गरेको,

- निक्षेप, कर्जा, लगानी तथा नाफामा सन्तुलित, निरन्तर र दीगो वृद्दिको अवधारणा आत्मसात गरी भड्किलो प्रचार प्रसार नगरी शेयरधनीहरुलाई खुशी बनाउँदै बैंक निरन्तर अगाडी बढिरहेको,
- मिसिङ्ग मिडल समुहलाई लक्षित गरी ल्याएका योजना प्रशंशा योग्य रहेको,
- सुचना प्रविधिको क्षेत्रमा प्रगति भएको,
- कर्जा लगानी गर्दा होशियारीपूर्वक गर्नुपर्ने, बैंकको निष्कृय कर्जा १% भित्र कायम गर्नुपर्ने,
- वार्षिक प्रतिवेदनमा कर्जा अपलेखनको विवरणमा ऋणीको ३ पुस्ते विवरण राख्नु पर्ने,
- भवन निर्माण सम्बन्धी लागत बारे वार्षिक प्रतिवेदनमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने,
- कोभिड-१९ को कारण बैंकको व्यवसाय तथा मुनाफामा कमी आएकोले संचालक समितिको खर्च मितव्ययी हुनुपर्ने,
- वार्षिक साधारण सभामा उठेका विषयहरुको सम्बन्धमा संचालक समितिमा छलफल गरी कार्यान्वयन गर्नुपर्ने,
- प्रत्येक संचालकले बैंकको लागि गरेको योगदान एवं सल्लाह सुझावको बारेमा जानकारी गराउनु पर्ने,
- बैंकले शेयरधनीको छोरा छोरीलाई योग्यताको आधारमा जागिरमा प्राथमिकता दिनुपर्ने,
- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार दिइएको करिब रु. ४४ करोडको ब्याज छुट तथा ब्याज फिर्ताले गर्दा गत आ. व. को लाभांश घटेकोमा आगामी वर्ष बैंकले २० प्रतिशत लाभांश दिनुपर्ने ।

**३। श्री शत्रुधन श्रेष्ठ**

- बैंकले लगानी विस्तारको लागि एस.बि.एल ऋणपत्र २०८३ र २०८४ जारी गरेकोमा बधाई दिदै आगामी दिनहरुमा आवश्यकता अनुसार ऋणपत्र जारी गर्दै जानु पर्ने,
- तरलता अनुपात तथा CCD अनुपात आगामी दिनहरुमा पनि सन्तुलन कायम राख्दै जानुपर्ने,
- शेयरधनी, निपेक्षकर्तालाई उच्च सम्मानका साथ गर्ने व्यवहार र शेयरधनीहरुले प्रधान कार्यालयमा सजिलै आफ्ना गुनासाहरु राख्न पाएकोमा खुशी व्यक्त गर्दै "सम्बन्ध सँधैभरिलाई" को नारालाई बैंकले सजीव बनाएको,
- बैंकका कर्मचारीहरु कर्मठ, मेहनती तथा लगनशील भएकोले उचित सेवा, सुविधा दिदै जानुपर्ने,
- बैंकले निष्कृय कर्जा घटाउनु पर्ने,
- विदेशी औद्योगिक व्यवसायिक प्रतिष्ठानहरुसँग सहकार्य गर्दै विदेशी मुद्राको संचिति बढाउनु पर्ने,
- आगामी वर्ष बैंकले २० प्रतिशत लाभांश दिने अपेक्षा ।

४। श्री गुणराज भट्ट

- बैंकको वार्षिक साधारण सभा तोकिएको समयमै गर्नुपर्ने,
- कोभिड १९ महामारीको स्थिति कायम रहिरहेको अवस्थामा उच्च सर्तकता अपनाउँदै कर्मचारीलाई उचित सेवा सुविधा दिई काम गर्ने वातावरण बनाउनु पर्ने,
- कर्जा ऋणीको धितो निरीक्षण कार्य बेलाबेलामा उच्च व्यवस्थापनबाट पनि हुनुपर्ने,
- बैंकले आफ्नो कार्यक्षेत्र, व्यवसाय बढाउँदै लानु पर्ने,
- Fraction Share मिलान गर्नुपर्ने,
- कर्मचारी संस्थाको महत्वपूर्ण स्तम्भ भएकोले समय सापेक्ष आवश्यक तालिम दिई दण्ड सजायको व्यवस्था सहित कर्मचारीको वृत्ति विकास सुनिश्चित गर्नुपर्ने,
- अपलेखित कर्जा उठाउने कार्यलाई संचालक स्तरीय समिति गठन गरी प्राथमिकतामा राख्नुपर्ने,
- बैंकले आगामी वर्षमा लाभांश दर बढाउँदै कम्तीमा २५ प्रतिशत लाभांश दिनुपर्ने,
- नगद लाभांशको वितरण र बोनस शेयरको सुचीकरणको कार्य छिटो हुनुपर्ने ।

५। चन्द्र नारायण श्रेष्ठ

- तोकिएको समयमै वार्षिक साधारण सभा गर्नुपर्ने,
- संचालक समिति सम्बन्धी खर्च मनासिब नै रहेको, व्यवस्थापन खर्च कम गर्दै जानु पर्ने,
- कुल ब्याज आम्दानीमा चौथौ ठूलो बैंकको रुपमा रहेको यस बैकले आम्दानी थप बढाउनु पर्ने,
- बैंकले खराब कर्जा असूल गर्न आवश्यक कामकारवाही गर्नु पर्ने,

६। श्री शिव प्रसाद पौडेल

- "सम्बन्ध सधै भरिलाई" भन्ने बैंकको नारा एकदम उत्कृष्ट रहेको बताउँदै बैंकले प्रविधिको उच्चतम प्रयोग गरी कार्यकम संचालन गरेकोमा धन्यवाद,
- बैंकका अन्य कार्यहरुको लागि पनि प्रविधिको उच्च सदुपयोग गर्दै जानुपर्ने र प्रविधिको दुरुपयोग, ह्याकिंग प्रति बैंक सदैव सचेत हुनुपर्ने,
- गौशाला तिलगंगा हस्पिटल क्षेत्रमा बैंकको ATM संचालन गर्दा राम्रो हुने,
- बैंकको सहायक कम्पनी, सिद्धार्थ क्यापिटलको व्यवस्थापन तथा शेयर रजिस्ट्रारको कामको गुणस्तर थप चुस्त दुरुस्त बनाउनु पर्ने,
- बैंकको कमजोर उपस्थिति रहेको प्रदेशमा अवस्थित केन्द्रिय कार्यालय भएको बैंक तथा वित्तीय संस्था मर्जर गर्नु पर्ने,
- आगामी वर्षहरुमा असोज मसान्त भित्रै साधारण सभा गर्नु पर्ने,



Siddhartha Bank

- Fraction Share को व्यवस्थापन गर्नुपर्ने,
- नगद लाभांशको वितरण र बोनस शेयरको सुचीकरणको कार्य छिटो गर्नु पर्ने ।

**७। श्री डमरु बल्लभ घिमिरे**

- समग्रमा बैंकको व्यवसाय सन्तोषजनक रहेको,
- बैंकको ख्याती बढदै गएको,
- वार्षिक प्रतिवेदन उत्कृष्ट बनेको,
- अध्यक्षको मन्तव्य संक्षिप्त बनाउनु पर्ने,
- बैंक आफैमा सबल र सक्षम रहेकोमा वित्तीय रुपमा सबल संस्थाहरु लिई मर्जर तथा एक्वीजिसनको रणनीतिलाई अगाडी बढाउनुपर्ने,
- नक्सालमा बन्दै गरेको बैंकको भवन चाँडै निर्माण गर्नुपर्ने,
- बैंकको सहायक कम्पनी, सिद्धार्थ क्यापिटलको व्यवस्थापन तथा शेयर रजिस्ट्रारको कामको गुणस्तर थप चुस्त दुरुस्त बनाउनु पर्ने ।

**८। श्री उद्धव प्रसाद घिमिरे**

- बैंकको समग्र पोर्टफोलियो असाध्यै राम्रो रहेको,
- बैंकको चालु आ.व. को दोस्रो त्रयमासमा नाफा घटेकोमा आगामी वर्षहरुमा बढाउनु पर्ने,
- बैंकको कर्पोरेट भवन चाँडै निर्माण गर्नुपर्ने,
- मर्जरको रणनीतिलाई अगाडी बढाउँदै जानुपर्ने,
- Fraction Share को उचित व्यवस्थापन हुनुपर्ने,
- प्रतितपत्रको कारोबार, विदेशी विनिमयबाट हुने आम्दानी बढाउनु पर्ने,
- वार्षिक विवरणमा प्रमुख वित्तीय परिसूचकहरुलाई अंग्रेजी भाषामा राख्दा राम्रो हुने,
- बैंकले आगामी वर्ष २० प्रतिशत लाभांश दिने अपेक्षा।

**९। श्री रोज कुमार श्रेष्ठ**

- गत आ.व. मा निक्षेप तथा कर्जा लगानीमा वृद्धि भएकोले आगामी वर्षमा नाफा बढ्ने,
- साधारण सभामा भौतिक रुपमा उपस्थित हुनेलाई भन्दा अनलाईन (भर्चुअल) माध्यम मार्फत जोडिने वक्ताहरुलाई प्राथमिकता दिनुपर्ने,
- अनुसूची ४.३६ अन्तर्गत NFRS अन्तर्गत वित्तीय खर्च विगत वर्ष भन्दा बढेको,

- अनुसुची ४.५.१ मा जम्मा रकम उल्लेख नगरेका जस्ता प्रतिवेदनमा रहेका सामान्य त्रुटीहरु सच्चयाउनु पर्ने,
- आगामी वर्ष आश्विन मसान्तसम्म लाभांश घोषणा गर्ने र साधारण सभा पौष मसान्त भित्रै गर्नुपर्ने,
- लगानीका थप विकल्पहरु खोज्नु पर्ने,
- पुँजी वृद्दिको लागि बैंकले उपयुक्त मर्जर तथा एक्वीजिसनको रणनीतिहरु बनाउनु पर्ने ।

**१०। श्री महेन्द्र बहादुर श्रेष्ठ**

- अहिले शेयर बजार अस्वाभाविक रुपमा बढेकोले लघु वित्त तथा इन्स्योरेन्स कम्पनीको शेयर बैंकले समयमै बिक्रि गरी नाफा बुक गर्नुपर्ने,
- कर्जा असुली प्रक्रियालाई चुस्त दुरुस्त बनाउनु पर्ने,
- वैकल्पिक लगानी सम्बन्धी धारणा बनाउनु पर्ने,
- २ नम्बर प्रदेशमा कर्जा लगानी बढाउनु पर्ने,
- शेयरधनीहरुलाई छूट सहितको लकर सुविधाको व्यवस्था गर्नुपर्ने,
- स्थानीय निकाय तथा संस्थाहरुसँग मिलेर सरकारी निक्षेपलाई प्रोत्साहन गर्नुपर्ने,
- बैंकको सहायक कम्पनी, सिद्धार्थ क्यापिटलको व्यवस्थापन तथा शेयर रजिस्ट्रारको कामको गुणस्तर थप चुस्त दुरुस्त बनाउनु पर्ने,
- साधारण सभा तोकिएको समयमै गरी लाभांश पनि समयमै जम्मा गर्नुपर्ने ।

**११। श्री भक्ति प्रसाद उप्रेती**

- दीगो तथा स्वस्थ प्रतिफल दिदै आएको यस बैंकले कोभिडका बावजुद दिएको लाभांशको लागि धन्यवाद,
- बैंकको कर्जा, निक्षेप, लगानी, खुद ब्याज आम्दानी गत वर्ष भन्दा बढेको तर बैंकको प्रति शेयर आम्दानी घटेको र चालु आ.व.को पौष मसान्तको वित्तीय विवरण अनुसार बैंकले आगामी वर्ष अझ कम प्रतिफल दिने देखिन्छ भन्दै चिन्ता व्यक्त,
- बैंकको निष्कृय कर्जा १% भित्र कायम गर्नुपर्ने, कर्जा नोक्सानी व्यवस्था घटाउनु पर्ने, कर्जा असूली कार्य चुस्त रुपमा गर्नुपर्ने,
- गैर बैकिङ्ग सम्पतिलाई चाँडो भन्दा चाँडो लिलाम बिकि गर्नु पर्ने, वार्षिक प्रतिवेदनको अनुसुची ५.२० मा गैर बैंकिङ्ग सम्पत्ति सकार गरिएको मितिमा अन्यथा लेखिएको जस्ता प्रतिवेदनमा रहेका सामान्य त्रुटीहरु सच्याउनु पर्ने,
- बैंकको अन्य खर्चहरु घटाउँदै जानु पर्ने,
- कर्मचारी खर्च उल्लेखनीय रुपमा बढेकोले कर्मचारीको उत्पादकत्व बढाउनु पर्ने,

- लेखापरीक्षकको प्रतिवेदन नेपाली भाषामा राख्नु पर्ने,
- बैंकको साधारण सभा तोकिएको समयमै गर्नुपर्ने,
- NFRS लागु भएपछि नियमनकारी समायोजनको प्रावधान अनुसार बैंकले Accural Basis मा मुनाफा लेखांकन गर्नुपर्ने, Accural Basis मा आएको मुनाफामा ३० प्रतिशत कर तिर्नुपर्ने, सोही मुनाफामा कर्मचारीलाई बाँड्नु पर्ने १० प्रतिशत बोनशको व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको तर Accural Basis मा भएको सो मुनाफाबाट नउठेको ब्याज नियमनकारी समायोजन कोषमा सारी वितरण योग्य मुनाफा गणना गर्नुपर्ने जस्ता प्रावधानले बैंक, शेयरधनी तथा लगानीकर्ता माथि अन्याय, शोषण गरेको छ र यसमा लगानीकर्ताको चर्को असहमति र गुनासो छ भन्ने विषय यस माइन्युटमा उल्लेख गरी उल्लेखित विषय नेपाल बैंकर संघ, बैंक तथा वित्तीय संस्था परिसंघ, नेपाल (CBFIN) मार्फत ने.रा.बै. समक्ष उठान गर्नुपर्ने ,
- बैक ठूलो भएको र अब बलियो पनि बनाउनको लागि शाखा खोल्ने कामलाई कम प्राथमिकतामा राखी बैंकको व्यवसायको आकार बढाउने, कर्जा असूली र नाफा बढाउने कामलाई उच्च प्राथमिकतामा राख्नु पर्ने,
- नव निवार्चित संचालकहरुलाई बधाई तथा शुभकामना दिनु हुँदै नयाँ संचालकहरुको कार्यकालमा यस बैंकले नयाँ उचाई पाएर उत्कृष्ट ६ बैंक भित्र पर्न शुभेच्छा ।

**१२। श्री अर्जुन कुमार ढुङ्गेल**

- कोभिड महामारीको समयमा व्यवसाय संचालनको लागि बैंकले अपनाएका रणनीतिहरु तथा कर्मचारीहरुलाई काम गर्ने वातावरणको सम्बन्धमा बैंकको रणनीति बारेमा जानकारी गराउनुपर्ने,
- तेस्रो पक्ष मार्केटिङ्ग कारोबारले बैंकको मार्केटिङ्गको खर्च घट्ने, व्यापार बढ्ने र गुणस्तरीय सेवा दिन सकिने हुँदा यस बारेमा सोच्नुपर्ने,
- SME कर्जा बढाउनु पर्ने,
- तरलता व्यवस्थापनको सन्तुलन कायम गर्नुपर्ने,
- जगेडा कोष अझै वृद्धि गर्दै जानु पर्ने,
- साधारण सभा अनलाईन (भर्चुअल) माध्यम मार्फत गर्दा सबैको पहुँच पुग्ने बताउँदै आगामी वर्षहरुमा पनि यसलाई निरन्तरता दिनु पर्ने ।

**१३। श्री नारायण सुन्दर श्रेष्ठ**

- मर्जर तथा एक्वीजिसन सम्बन्धमा बैंकको स्पष्ट रणनीति हुनुपर्ने,
- लाभांश घोषणा गर्दा नगद लाभांशलाई पनि जोड दिनुपर्ने,
- Fraction Share मिलान गर्नुपर्ने,

- संस्थागत सामाजिक उत्तरदायित्व (CSR) अन्तर्गत बैंकले गरेको खर्चको विवरण स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने,
- बैंक तथा वित्तीय संस्था परिसंघ, नेपालको सदस्यता तथा नवीकरण सम्बन्धमा स्पष्ट धारणा राख्नुपर्ने,
- बैंक आजको प्रतिस्पर्धी वातावरणमा सफल बन्न सकोस्,
- आगामी वर्ष बैंकले ४० प्रतिशत लाभांश दिन सफल होस ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

संचालक समितिको प्रतिवेदन, बैंकको आ.व.२०७६/७७ को लेखापरीक्षण लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै बैंकको संचालक समितिका अध्यक्ष र बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- यस्तो विषम परिस्थितिमा पनि स्वयं उपस्थित भई एवं भर्चुअल माध्यम मार्फत सहभागिता जनाई गर्विला सल्लाह, सुझावको लागि सम्पूर्ण शेयरधनीहरुलाई धन्यवाद एवं आभार व्यक्त । महत्वपूर्ण सल्लाह, सुझाव दिई हाम्रा कमी कमजोरी पहिल्याई दिनुभएको र राम्रो कामको लागि बधाई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मुरी मुरी धन्यवाद,

- बैंकको करिब रु. १५ अर्बले व्यापार बढ्दा पनि बैंकको खुद ब्याज आम्दानी आदि घट्नुमा मुख्यतया बैंकको स्प्रेड ५.०% बाट घटाई ४.४०% मा राख्नु पर्ने र कोभिडका कारण प्रभावित ऋणीहरुको ब्याजमा २ प्रतिशतको छुट एवं ऋणीहरुले बुझाएको कर्जा ब्याज रकमबाट १० प्रतिशत ब्याज फिर्ता गरी करिब रु. ४४.२३ करोड ब्याज छुट एवं ब्याज फिर्ताको रुपमा दिएका कारण बैंकको खुद ब्याज आम्दानी, संचालन मुनाफा र खुद नाफामा कमी आएको,

- २०७७ पौष मसान्तको वित्तीय विवरणमा इम्पेयरमेन्ट चार्ज करिब रु. ७० करोड रहेकोले खुद नाफा घटेको र वितरणयोग्य नाफा समेत ऋणात्मक रहेको जिज्ञासाको सन्दर्भमा सिद्धार्थ बैंकले शुरुवात देखि नै आफ्ना ऋणीहरुसँग अत्यन्त सुमधुर सम्बन्ध बनाउँदै आएको र बैकले ऋण स्वरुप दिएको रकमबाट नै ऋणीहरुले उन्नति, प्रगति गरी बैंकको ऋण, ब्याज चुक्ता गर्नुपर्छ भन्ने मान्यता राख्दै आएकोमा यसपाली कोभिड महामारीद्वारा सिर्जित मानवीय एवं आर्थिक रुपमा अत्यन्तै जटिल अवस्थामा हाम्रा ऋणीहरु स्वयं प्रताडित भईरहेको असहज अवस्थाको कारण तीव्र रुपमा तरताकेता नगरेकाले केही कर्जाहरु अनियमित (Default) भएको स्वीकार्दै यी अनियमित कर्जाहरुमा पनि ५ प्रतिशत र २५ प्रतिशतको मात्र व्यवस्था गर्नुपरेको र त्यो भन्दा बढी बिग्रिएको अवस्था होईन भनी विश्वस्त रहन आग्रह । साथै, बैंकका कर्जाहरु सुरक्षित भए नभएको बारे चनाखो भई यकिन गरि राखेको र ती कर्जाहरु सुरक्षित रहेको पाईएको र अब कोभिड महामारीको अवस्था सहज हुँदै गएकाले तदारुकताका साथ कर्जा उठाउने कार्यलाई निरन्तरता दिइने र

शेयरधनीहरुको सुझाव बमोजिम आउने वर्षको अन्त्य सम्म निष्कृय कर्जा १ प्रतिशतमा सिमित गर्न पुर्ण प्रयासरत रहने,

- २०७७ असार मसान्तमा रु. १२९ अर्ब कर्जा र रु. २३ अर्बको अन्य लगानी गरी रु. १५२ अर्बको लगानीबाट रु. १५ अर्बको ब्याज आम्दानी भएको जानकारी,

- लाभांश वितरणमा बोनस शेयरको साथै नगद लाभांश पनि पाउने शेयरधनीको इच्छा रहेकोमा आगामी वर्षहरुमा सो अनुसार सर सल्लाह गरी अगाडी बढ्ने,

- सहभागितामुलक ऋणपत्रको सन्दर्भमा व्यवस्थापनले आगामी दिनमा अध्ययन गर्ने,

- खुद ब्याज आम्दानी बढाउने तथा कोषको लागत कार्यमा सजग भई लाग्ने,

- बैंकले यथेष्ट रुपमा तालिम तथा सेमिनार जस्ता कार्यक्रम मार्फत कर्मचारीहरुको क्षमता अभिवृद्धी गरिरहेको,

- शेयरधनीहरुले वार्षिक साधारण सभा मार्फत तथा समय समयमा दिनु भएका सुझावहरु बैंकले सदैव प्राथमिकताका साथ सम्भाव्यताका आधारमा क्रमशः कार्यान्वयन गर्दै आएको र भविष्यमा पनि त्यस्ता सुझाव कार्यान्वयन गर्दै लगिने । हरेक पटक साधारण सभा पछि संचालक समितिको बैठकमा व्यापक छलफल गरेर कार्यान्वयन योग्य सुझावहरु तत्कालै कार्यान्वयन गर्ने गरिएको र अन्यलाई उचित योजना बनाएर कार्यान्वन गर्दै आइरहेको । बैंकको प्रगतिमा शेयरधनी महानुभावहरुले दिएका यस्ता गर्विला सल्लाह, सुझावको महत्वपूर्ण योगदान रहेको,

- बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमशः ५१ र ४९ प्रतिशत को अनुपात कायम हुने गरी व्यवस्थापन गरिने,

- सिद्धार्थ बैंकमा खाता हुने शेयरधनी महानुभावहरुको नगद लाभांश आजै खातामा जाने व्यवस्था मिलाइएको र अन्य बैंकमा खाता हुने शेयरधनी महानुभावहरुको नगद लाभांश आईतबारबाट पाउने । यसैगरी, नियामक निकायसँग समन्वय गरी बोनश शेयर यथाशक्य छिटो सुचीकरण गराउने,

- साधारण सभा पौष मसान्त भित्रै गर्दै आईरहेकोमा यसपाली संचालकको निर्वाचन सम्बन्धी तयारीको कारण केहि ढिलो भएको जानकारी गराउँदै आगामी वर्षहरुमा तोकिएको समयमै वार्षिक साधारण सभा गर्ने प्रतिबद्धता,



Siddhartha Bank

- प्रतिशेयर आम्दानी रु. २२ रहेकोमा लाभाशं १५ प्रतिशत मात्रै किन भन्ने जिज्ञासको सन्दर्भमा करिब रु. ४७ करोड रुपैयाँ ऋणपत्र भुक्तानी जगेडा कोषमा छुट्याउनु परेको कारण वितरण योग्य नाफामा कमी आएको जानकारी । यसैगरी रु. ३० करोडको ऋणपत्र परिपक्व भएर नियमनकारी समायोजनमा फिर्ता ल्याएको । बैंकको रु. ३ अर्ब सम्मका ऋणपत्रहरु रहेकोमा बैंकले हरेक वर्ष नाफाबाट रकम छुट्याएर राखेको र ती ऋणपत्रहरु परिपक्व हुने वर्षमा रु. ३ अर्ब एकमुष्ट फिर्ता आउने कारण वितरण योग्य नाफामा उच्च वृद्धि हुने,

- NFRS अर्न्तगत वित्तीय खर्च विगत वर्षभन्दा बढेको रकम यर्थाथमा खर्च नभएर कर्मचारीलाई सुविधा स्वरुप प्रदान गरेको कर्जाहरुको NFRS अनुसार लेखा समायोजन मात्र भएको र यसले नाफामा फरक नपर्ने,

- सिद्धार्थ बैंकको मूल्य र मान्यता कायम राख्दै बैंकको संस्थागत व्यवहारसँग मेल खाने, संस्थागत सुशासन उच्च रहेको, दिर्घकालीन रुपमा बैकलाई सबल र सक्षम बनाउने, शेयरधनीहरु लाभान्वित हुने, सिनर्जी आउने खालको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बैंक तथा वित्तीय संस्था पाएमा मर्जर तथा एक्वीजिसनको निम्ति बैंक सदैव सकारात्मक रहेको,

- देशभित्र संचालनमा रहेको इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको बीचमा आपसी सम्पर्क र समन्वय कायम गर्दै मुलुकको समग्र बैकिङ्ग प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक हित संरक्षण र सम्वर्द्धन गरी समृद्धिको आकांक्षा पुरा गर्न, बैंक तथा वित्तीय संस्थाहरु बीच स्वस्थ प्रतिस्पर्धाद्धारा गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल एवं सुदृढ बनाउन, बैकिङ्ग क्षेत्रमा देखा परेका समस्याहरुको पहिचान गरी उक्त समस्या समाधानका उपायहरु अवलम्बन गर्न तथा बैकिङ्ग व्यवसायमा नियमनकारी निकायहरुसँग समन्वय गर्न बैक तथा वित्तीय संस्था परिसंघ, नेपाल नामक संस्था स्थापना गरिएको,

- प्रतिवेदनमा शेयरधनी महानुभावहरुले पहिल्याउनु भएका त्रुटी कमजोरी, शुद्धा शुद्धी आदिलाई सुधार गर्ने प्रतिवद्धता,

- सिद्धार्थ बैंकको शेयरधनी, ग्राहकको सहयोग, शुभेच्छा एवं आशीर्वाद, संचालक समितिको मार्ग निर्देशन एवं व्यवस्थापनको कर्मठ प्रयासले बैंक यहाँसम्म आई पुगेकोमा शेयरधनी महानुभावहरुको सहयोग, शुभेच्छा प्रति हार्दिक आभार ।

## १२. <u>सभाको निर्णयहरु:</u>

छलफलमा उठेका सवालहरु उपर बैंक संचालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतको जवाफ पश्चात् अध्यक्षको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमश: पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

**(क) सामान्य प्रस्ताव**

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७६/०७७ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७६ श्रावण १ देखि २०७७ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७६/७७ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गऱ्यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिस गरेका तीनवटा लेखापरिक्षकहरु मध्येबाट लेखापरिक्षक GP Rajbahak & Co., Chartered Accountants लाई आ.व. २०७७/७८ को लागि बैंकको लेखापरिक्षकको रुपमा नियुक्त गर्ने र पारिश्रमिक वापत Statutory Audit, Tax Audit तथा Long Form Audit Report समेतको लागि एकमुष्ठ जम्मा रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैंया मात्र) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैंया मात्र) प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८/- (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को ३ प्रतिशतका दरले रु. २९,३६,३३,०१४/- (अक्षरेपी उनन्तीस करोड छत्तीस लाख तेत्तीस हजार चौध रुपैंया मात्र) शेयरधनीहरुलाई नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

६. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ सञ्चालकहरुको निर्वाचन सम्बन्धमा आवश्यक काम कारवाहीका लागि कम्पनी सचिवले सहायक निर्वाचन अधिकृत अधिवक्ता श्री गोविन्द कुमार श्रेष्ठलाई आग्रह गर्नु भयो । सो अनुसार सहायक निर्वाचन अधिकृतले बैंकको नियमावलीको नियम ८ (२) (क) र (ख) बमोजिम संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधत्व गर्ने ३ (तीन) र सर्वसाधारण शेयरधनीको



SiddharthaBank

तर्फबाट प्रतिनिधित्व गर्ने जना २ (दुई) समेत जम्मा ५ (पाँच) जना सञ्चालक पदको निर्वाचनको लागि सिद्धार्थ बैंक लिमिटेडको संचालक निर्वाचन कार्यविधि निर्देशिका २०७२ बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रमहरु तयार गरी मिति २०७७/१०/०४ गते सूचना पाटीमा टाँस गरेको, प्रकाशित निर्वाचन कार्यक्रम अनुसार मिति २०७७/१०/०७ गते दिनको १२:०० बजे मतदाता नामावली, मिति २०७७/१०/०७ गते दिउँसो ४:०० बजे अन्तिम मतदाता नामावली, मिति २०७७/१०/०८ गते बिहान ११:०० देखि दिउसो २:०० बजे सम्ममा उम्मेदवारी दर्ता समय भित्र संस्थापक शेयरधनीको तर्फबाट (१) श्री राहुल अग्रवाल, (२) श्री नरेन्द्र कुमार अग्रवाल र (३) श्री मनोज कुमार केडिया (प्रुडेन्सियल ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि. को प्रतिनिधि) र सर्वसाधारण शेयरधनीको तर्फबाट (१) श्री अंकित केडिया ( लिभरेज होल्डिङ्गस प्रा.लि.को प्रतिनिधि), (२) श्री दिनेश शंकर पालिखे (गिन्नी इन्भेष्टमेन्ट प्रा.लि.को प्रतिनिधि) को उम्मेदवारी दर्ता हुन आएको हुनाले मिति २०७७/१०/०८ गते दिउसो २:४५ बजे उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने कार्य सम्पन्न भएको जानकारी गराउनुभयो । यसैगरी, मनोनयन दर्ता भएका सञ्चालक पदका उम्मेदवारहरुको विरुद्धमा तोकिएको समयसम्म कुनै दावी विरोध नपरेको र तोकिएको समय भित्र कुनै पनि उम्मेदवारहरुले उम्मेदवारी फिर्ता नलिएको हुनाले संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) समेत ५ (पाँच) जना उम्मेदवारहरुको मिति २०७७/१०/०९ गते दिउसो ४:०० बजे अन्तिम नामावली प्रकाशित गरिएको जानकारी गराउनुभयो ।

संस्थापक शेयरधनीहरुको तर्फबाट ३ (तीन) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ (दुई) समेत ५ (पाँच) जना सञ्चालक पदको मात्र उम्मेदवारी दर्ता भएको हुनाले बैंकको नियमावलीको नियम ८ (२) (क) र (ख) बमोजिम संस्थापक शेयरधनीको तर्फबाट ३ (तीन) र सर्वसाधारण शेयरधनीको तर्फबाट २ ( दुई) आवश्यक संख्या ५ (पाँच) मात्र उम्मेदवारी कायम हुन आएकोले सिद्धार्थ बैंक लिमिटेडको संचालक निर्वाचन कार्यविधि निर्देशिका, २०७२ को दफा १६ (१) बमोजिम संस्थापक शेयरधनीको तर्फबाट (१) श्री राहुल अग्रवाल, (२) श्री नरेन्द्र कुमार अग्रवाल र (३) श्री मनोज कुमार केडिया (प्रुडेन्सियल ईन्भेष्टमेन्ट कम्पनी प्रा.लि.को प्रतिनिधि) र सर्वसाधारण शेयरधनीको तर्फबाट (१) श्री अंकित केडिया (लिभरेज होल्डिङ्गस प्रा.लि. को प्रतिनिधि), (२) श्री दिनेश शंकर पालिखे (गिन्नी इन्भेष्टमेन्ट प्रा.लि. को प्रतिनिधि) आगामी ४ वर्षे कार्यकालको लागि बैंकको संचालक पदमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नु भयो र उक्त घोषणा सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

नवनिर्वाचित संचालकहरुलाई सहायक निर्वाचन अधिकृतले निर्वाचित भएको प्रमाण-पत्र प्रदान गर्नु भयो भने प्रमुख कार्यकारी अधिकृतले फूलमाला तथा पुष्प गुच्छा सहित हार्दिक बधाई ज्ञापन गरी कार्यकालको सफलताको लागि शुभकामना दिनुभयो । यसैगरी नवनिर्वाचित संचालकहरुलाई संचालक श्री हसना शर्मा, नायब प्रमुख कार्यकारी अधिकृत, सहायक प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ नायब महाप्रबन्धक एवं कम्पनी सचिवले पनि हार्दिक बधाई ज्ञापन गरी कार्यकालको सफलताको शुभकामना दिनुभयो ।

यसैगरी, विगतको कार्यकाल सकिएका निवर्तमान संचालकहरु श्री विरेन्द्र कुमार शाह र राजेश कुमार केडिया (प्रतिनिधि-नेपाल मल्टिनेशनल प्रा.लि.) लाई बैंकको संचालक समितिको संचालक पदमा रही


SiddharthaBank

बैंकको विकास एवं उन्नतिको लागि पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै वँहाहरुको व्यक्तिगत एवं व्यावसायिक जीवनको उत्तरोत्तर प्रगतिको शुभकामना सहितको प्रशंसा-पत्र नवनिर्वाचित संचालक श्री मनोज कुमार केडियाले प्रदान गर्नुभयो भने नवनिर्वाचित अर्का संचालक श्री नरेन्द्र कुमार अग्रवालले फूलमाला पहिराउनु भयो एवं प्रमुख कार्यकारी अधिकृतले पुष्प गुच्छा प्रदान गर्नुभएको थियो ।

**(ख) विशेष प्रस्ताव**

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा बैंकको प्रबन्धपत्रको दफा ५(१) को खण्ड (क) संशोधन गरी बैंकको अधिकृत पूँजी रु. १०,५०,००,००,०००/- (अक्षरेपी दश अर्ब पचास करोड मात्र) बाट रु. १६,००,००,००,०००/- (अक्षरेपी सोह्र अर्ब मात्र) पुऱ्याउने प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गऱ्यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८/- (अक्षरेपी नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसट्ठी हजार एक सय अडतीस रुपैंया मात्र) को १२ प्रतिशतका दरले हुने रु. १,१७,४५,३२,०५७/- (अक्षरेपी एक अर्ब सत्र करोड पैतालिस लाख बत्तीस हजार सन्ताउन्न रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने । साथै, सो अनुसार बोनस शेयर प्रदान गर्दा संस्थापक एवं सर्वसाधारण शेयरधनीको शेयर अनुपात क्रमश: ५१ र ४९ प्रतिशत कायम हुने गरी उपरोक्त अनुसारको बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने तर शेयर अनुपातमा फरक पर्ने भएमा भिन्न अंक (Fraction) यथावत राख्ने र सोका कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हद सम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा माथि विशेष प्रस्ताव नं. १ र २ बमोजिम बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन/थप गर्ने सम्बन्धी संचालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

**प्रबन्धपत्रमा गरिएको संशोधन/थप/घट**

**सिद्धार्थ बैंक लिमिटेडको प्रबन्धपत्रमा**

**प्रस्तावित संशोधन/थप/घटको तीनमहले विवरण**

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|
| ५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (क) : बैंकको अधिकृत | ५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (क) : बैंकको अधिकृत | बैंकले हाल कायम चुक्ता पूँजीको १२ प्रतिशतका |

| | | |
|---|---|---|
| पूँजी रु. १०,५०,००,००,०००/- ( दश अर्ब पचास करोड मात्र) हुनेछ। जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैंया) का दरले १०,५०,००,००० साधारण शेयरमा विभाजन गरिएको छ। | पूँजी रु. १६,००,००,००,०००/- ( अक्षरेपी सोह्र अर्ब मात्र) हुनेछ। जसलाई रु. १००/- (अक्षरेपी एक सय रुपैंया मात्र) का दरले १६,००,००,००० साधारण शेयरमा विभाजन गरिएको छ। | दरले बोनश शेयर वितरण गरेको एवं भविष्यको आवश्यकता अनुरुप अधिकृत पूँजी वृद्धि गर्नुपर्ने भएकाले। |
| ५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (ख) : बैंकको जारी पूँजी रु. ९,७८,७७,६७,१३८/- (नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया) हुनेछ। | ५. बैंकको पूँजीको संरचना: दफा ५(१) को खण्ड (ख) : बैंकको जारी पूँजी रु. १०,९६,२२,९९,१९५/- ( अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ। | बैंकले १२ प्रतिशत बोनश सेयर प्रदान गर्ने निर्णय बमोजिम जारी पूँजी वृद्धि गर्नुपर्ने भएकोले। |
| ५. दफा ५(१) को खण्ड (ग) : बैंकको चुक्ता पूँजी रु. ९,७८,७७,६७,१३८/- (नौ अर्ब अठहत्तर करोड सतहत्तर लाख सतसठ्ठी हजार एक सय अडतीस रुपैंया) हुनेछ। | ५. दफा ५(१) को खण्ड (ग) : बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ। | बैंकले १२ प्रतिशत बोनश सेयर प्रदान गर्ने निर्णय बमोजिम चुक्ता पूँजी वृद्धि गर्नुपर्ने भएकोले। |

४. माथि विशेष प्रस्ताव नं. २ बमोजिम बोनस शेयर प्रस्ताव गरिएकोमा सो बमोजिम र माथि विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने गरी बैंकको प्रबन्धपत्रमा भएको संशोधनमा थप मिलाउनु पर्ने भएमा मिलाउने, सो संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम मिलाउन तथा संशोधन गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो।

५. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो।

- ➢ विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि कारोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष, नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायहरुद्वारा स्थापित कोषहरुमा सहयोग स्वरुप प्रदान गरेको रकम रु. ३,३८,२७,९२९/-
- ➢ अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, बनेपा, काभ्रेपलाञ्चोकलाई रु. १०,००,०००/-

६. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ अर्न्तगत बैंकले बैंक तथा वित्तीय संस्था परिसंघ नेपाल

(Confederation of Banks and Financial Institutions Nepal) को सदस्यता प्राप्त गर्न सदस्यता शुल्क रु. १०,००,०००/- (अक्षरेपी दश लाख रुपैंया मात्र) तथा सदस्यता नवीकरण शुल्क वापत रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैया मात्र) भुक्तानी गरेकोमा उक्त भुक्तानी अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

७. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ७ अर्न्तगत सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**(ग) विविध**

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

**१३. <u>सभा विसर्जन</u> :**

सभाको अन्तमा अध्यक्षले यस सभाको सूचनासाथ प्रेषित सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नु भयो ।

नवनिर्वाचित संचालकहरुलाई हार्दिक बधाईका साथ स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो । यसैगरी, विगतको कार्यकाल सकिएका निवर्तमान संचालकहरु श्री विरेन्द्र कुमार शाह र राजेश कुमार केडिया (प्रतिनिधि-नेपाल मल्टिनेशनल प्रा.लि.) लाई बैंकको संचालक समितिको संचालक पदमा रही बैंकको विकास एवं उन्नतिको लागि पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै वहाँहरुको व्यक्तिगत एवं व्यावसायिक जीवनको उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्नु भयो ।

आफ्नो नेतृत्वदायी भूमिकामा भर्खरै सकिएको कार्यकालमा रहनु भएका सम्पूर्ण संचालकहरुले आफ्नो योग्यता, बुद्धि, विवेकले भ्याएसम्म बैंकलाई अगाडी बढाउन निस्वार्थ रुपमा पु-याउनु भएको योगदानको कदर गर्दै वहाँहरुले गरेको सहयोगको लागि धन्यवाद व्यक्त गर्नु भयो । यसैगरी, संचालक समितिले प्रमुख कार्यकारी अधिकृतको नेतृत्वमा व्यवस्थापनसँग बैंकको विकास एवं उन्नतिको लागि सहकार्य गर्दै आएको र आगामी दिनमा पनि यसरी नै अगाडी बढ्ने विश्वास दिलाउनु भयो ।

सभाको अन्तमा अध्यक्षले सभामा भौतिक तथा अनलाईन (भर्चुअल) माध्यम मार्फत समेत आफ्ना अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गरी सभालाई सौहाद्रपूर्ण वातावरणमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, निर्वाचन अधिकृत, संचारकर्मी, अनलाइन इभेन्ट म्यानेजमेन्ट टिम, आम्रपाली बैंङक्वेट परिवार, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशीलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै अपरान्ह ३ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**लक्ष्मण घिमिरे**
**(कम्पनी सचिव)**

**मनोज कुमार केडिया**
**(अध्यक्ष)**

मिति : २०७७/१०/१६